# अन्नपुर्ण गाँउपालिका उद्योग व्यवसाय दर्ता ,नविकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यबिधी २०७५

प्रमाणिकरण मितिः २०७५।०८।०५

उद्योग व्यवसाय दर्ता ,नविकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यबिधी (पहिलो संशोधन), २०८० , मिति २०८०।११।२२
उद्योग व्यवसाय दर्ता ,नविकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यबिधी (दोस्रो संशोधन), २०८१ , मिति २०८१।०१।०३

गाँउपालिका क्षेत्रभित्र उपलब्ध साधन स्रोतको अधिकतम उपयोग गरी आर्थिक सम्बृद्धि हासिल गर्न र बहुसंख्यक जनताको आर्थिक पहुच स्थापित गरी गाँउपालिका क्षेत्रभित्रका उद्योग ,व्यापार ,व्यवसायीक संस्थाको सञ्चालन, व्यवस्थापन र नियमन गर्न बाञ्छनिय भएकोले अन्नपुर्ण गाँउकार्यपालिकाको बैठकबाट यो कार्यविधी पारित गरीएको छ ।

## परिच्छेद -१
## परिभाषा र व्याख्या

**१. संक्षिप्त नाम र परिचयः**

क) यस कार्यविधिको नाम अन्नपुर्ण गाँउपालिका उद्योग, व्यवसाय, दर्ता, नविकरण, संचालन र नियमन कार्यविधि, २०७५ रहनेछ ।

**२. परिभाषाः**

क) "गाँउपालिका " भन्नाले नेपालको संविधान बमोजिम गठन भएको अन्नपुर्ण गाँउपालिकाकालाई जनाउँनेछ ।

ख) "गाँउ कार्यपालिका" भन्नाले अन्नपुर्ण गाँउकार्यपालिकाकालाई जनाउँनेछ ।

ग) "गाँउ सभा" भन्नाले अन्नपुर्ण गाँउपालिकाको गाँउ सभालाई जनाउँनेछ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" अन्नपुर्ण गाँउपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँनेछ ।

ङ) "घरेलु शाखा" भन्नाले अन्नपुर्ण गाँउपालिकामा रहेको उद्योग सम्बन्धी कार्य हेर्ने शाखा वा इकाईलाई जनाउँनेछ ।

## परिच्छेद -२
## उद्योग तथा व्यवसाय दर्ता सम्बन्धी व्यवस्थाः

**३. व्यापार व्यवसायको दर्ताः** (१) उद्योग, व्यापार, सेवा र पेशाजन्य क्रियाकलापहरु गाँउपालिका क्षेत्र भित्र सञ्चालन गर्नको लागी यस कार्यविधिले निर्देश गरेबमोजिम दर्ता गरी मात्र सञ्चालन गर्नु पर्नेछ ।

पहिलो पटक विवरण संकलन गर्न र व्यापार व्यवसायको दर्ताको लागि गाँउपालिकाबाट टोली खटाई प्रत्येक वडाहरुमा अभियान सञ्चालन गरिने छ ।

(२) दर्ता गर्नको लागि अनुसुची १ मा तोकेबमोजिमको ढाँचामा निबेदन पेश गर्नु पर्नेछ । पेश गरेको निबेदनको आवश्यक कारबाही गरी गाँउपालिकाले व्यवसायीलाइ अनुसुची २ बमोजिमको ढाँचामा व्यवसाय दर्ताको प्रमाण पत्र प्रदान गर्नेछ ।

(३) गाँउपालिकामा व्यवसाय दर्ता गरिसकेपछी अन्य कुनै निकायकबाट प्रचलित संघिय तथा प्रदेश कानुन बमोजिम अनुमति लिनुपर्ने कानुनी प्रावधान भएमा पेशा, व्यवसाय सञ्चालन गर्नु पुर्व सम्बन्धित निकायबाट अनुमति लिनु पर्ने दायित्व व्यवसायी स्वयंको नै हुनेछ ।

(४) व्यवसाय सञ्चालन गर्ने स्थानमा सुचना पाटी अनिवार्य रुपमा टाँस गरिएको हुन पर्नेछ ।

(५) गाँउपालिकाले व्यवसाय दर्ता र कर प्रयोजनका लागि अनुसुची ३ बमोजिमको दर्ता किताब र कर विवरण किताब वा कम्प्युटर सफ्टवेयर व्यवस्थित गर्ने छ ।

## परिच्छेद ३
## नविकरण सम्बन्धी व्यवस्थाः

**(४) नविकरणः**(१)आवधिक रुपमा (आर्थिक वर्ष अन्त्य भएको ३५ दिन भित्र) आवश्यक प्रकृया पुरा गरी गाँउकार्यपालिकाको कार्यालयबाट आफ्नो उधोग, व्यवसाय, नविकरण गरिसक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजमिको म्याद भित्र उधोग व्यवसाय नविकरण नभएमा म्याद सकिएको ३ महिना सम्म नविकरण बापतको १० प्रतिशत र त्यसपछि नविकरण हुन आएमा २० प्रतिशत जरिवाना बापतको रकम लिई नविकरण गरिने छ । यस सम्बन्धमा अन्य व्यवस्था गाँउकार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(३) साझेदारी थपघट, स्थान परिवर्तन वा अवस्था परिवर्तन आदि कार्य गर्नु परेमा समेत नविकरण प्रकृया मार्फत सहजिकरण गरिने छ ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि यो कार्यविधि पारित भएपश्चात पहिलो पटकको लागि ३ महिना भित्र नविकरण गरी सक्नु पर्नेछ ।

## परिच्छेद ४
## वर्गिकरण सम्बन्धी व्यवस्थाः

**(५) उधोग तथा व्यापार व्यवसायको वर्गीकरणः**

(१) गाँउपालिका क्षेत्र भित्र रहेका उधोग व्यवसायको तपशिल अनुसार वर्गीकरण गरी गाँउपालिकाको कार्यालयमा उधोग व्यवसाय दर्ता गर्ने गराउने साथै कारोबारको आधारमा वर्गीकृत व्यवसायको स्तरीकरण गरी गाँउसभाले निर्धारण गरेबमोजिम वार्षिक रुपमा कर संकलन गरिने छ ।

⊕⊕(२) ईट्टा भट्टा, खनिज उत्खन्न वा प्रसोधन गर्ने उधोग क्रसर, मिनिरल वाटर उद्योग, अस्पताल, ३० बेड भन्दा माथिको क्षमता भएका ठुला होटलहरु वा यस्तै अन्य ठुलो प्रकृतिको उधोग।

**- क वर्ग**

⊕⊕(३) १५ देखि ३० सम्म बेड भएको आवसीय होटेल, ब्लक उद्योग, फनिर्चर उद्योग, ग्रिल उधोग, फार्मेसी, क्लिनिक, भेटेरिनरी, स्पा, मसाज सेन्टर । **ख वर्ग -**

⊕⊕(४) १५ बेड सम्म भएको आवसीय होटल, हार्डवयर पसल, किराना पसल, मदिरा पसल, भाँडा पसल, फेन्सी पसल, मोटर ग्यारेज, ईलेक्ट्रोनिक्स इलेक्ट्रिकल पसल, सुनचाँदी पसल । **- ग वर्ग**

⊕⊕(५) फ्रेस हाउस, खाजा घर, रेष्टुरेन्ट, तरकारी फलफूल पसल, बेकरी उद्योग, चिज फ्याक्ट्री, पोल्टी फर्म, कृषि/पशु फर्म, दाना पसलहरु, स्नुकर हाउस, कस्मेटिक पसल, जडिबुटी फर्म । **- घ वर्ग**

⊕⊕(६) टेलर, ट्युसन सेन्टर, सैलुन, आरन, कुटानी पिसानी मिल, पानी घट्ट, तेलानी मिल, र माथिको वर्गीकरणमा नपरेका व्यापार व्यवसाय गर्ने उद्येश्यले सञ्चालित व्यवसाय आदि । **- ङ वर्ग**

## परिच्छेद ६
## प्रोत्साहन र सहजीकरण सम्बन्धी व्यवस्थाः

**(६) व्यापार व्यवसाय गर्न प्रोत्साहनः** (१) कृषि तथा पशुजन्य उधोग व्यवसाय सञ्चालन गर्ने स्थानियलाई प्रोत्साहन गरिने छ ।

(२) स्थानिय जनतालाई रोजगारी प्रदान गर्ने,साथै स्थानिय उत्पादनलाई बजार प्रदान गर्ने उधोग व्यवसाय स्थापना गर्न, भौतिक पुर्वाधार निर्माण गर्न सहुलियत प्रदान गर्ने निति अबलम्बन गर्न सकिने छ ।

(३) महिला,दलित, सिमान्तकृत, उत्पिडित, आर्थिक रुपले विपन्न, एकल महिला, दन्द पिडित, युवा लगायतलाई लक्षित उद्यमशिलता प्रवर्धनको लागि तालिम र अनुदानको व्यवस्था गरिने छ । यस्ता अनुदान तथा सहुलियत वार्षिक निति तथा कार्यक्रममा समेटी सोको लागि आवश्यक बजेट विनियोजन गरिने छ ।

## परिच्छेद ७
## श्रम सम्बन्धी व्यवस्थाः

**(७) श्रमिकको सम्मान गर्नु पर्नेः** (१) गाँउपालिका क्षेत्रभित्र सञ्चालित सम्पुर्ण उधोगी व्यवसायीहरुले नेपालको प्रचलित श्रम ऐन तथा श्रम सँग सम्बन्धित प्रचलित नियम कानुनको पुर्ण पालना गर्नु पर्नेछ । सोको पुर्ण परिपालना नभएको उजुरी वा जानकारी आएमा प्रचलित कानुन बमोजिम कार्बाही हुने छ ।

*⊕⊕ दोस्रो संसोधनद्वारा परिवर्तन गरिएको*

## परिच्छेद ८
## वातावरण तथा भौगोलिक प्रभावः

**(८) वातावरणमा प्रतिकुल प्रभाव पार्ने नहुनेः** (१) खानी उत्खन्न रासायनिक पदार्थ उत्पादन, प्राकृतिक स्रोत साधनको प्रयोग गरी सञ्चालन गरिने उधोग सञ्चालन गर्नु पुर्व अनिवार्य रुपमा वातावरणिय प्रभाव मुल्याङकन गरि विज्ञको सिफारिस बमोजिम मात्र अनुमति दिने वा नदिने अधिकार गाँउकार्यपालिका सँग निहित रहने छ ।

(२) गाँउपालिका क्षेत्र भित्र सञ्चालित सम्पुर्ण उधोग व्यवसायीले आफुले उत्पादन गरेको फोहोर प्रदुषणको उचित व्यवस्थापनको जिम्मेवारी लिनु पर्ने छ ।

## परिच्छेद ९
## उधोग तथा व्यवसायीको सामाजिक उत्तरदायित्वः

**(९)सामाजिक उत्तरदायित्व वा जिम्मेवारीः** (१) नेपालको प्रचलित कानुन बमोजिम वा यस कार्यविधिले तोके बमोजिम गाँउपालिका क्षेत्रभित्र सञ्चालित सम्पुर्ण उधोगी व्यवसायीले प्राकृतिक विपदी वा संकटमा राहत उद्दार र पुर्नस्थापना जस्ता कार्यमा खर्च गर्ने गरी राज्य प्रतिको सामाजिक उत्तर दायित्वको रुपमा गाँउपालिकालाइ सहयोग गर्नु पर्ने छ ।

(२) उपनियम (१) बमोजिम सहयोग गर्ने उधोगी व्यवसायीहरुलाइ गाँउपालिकाबाट उचित सम्मान गरिने छ ।

## परिच्छेद १०
## मुल्य निर्धारण र सेवा तथा उत्पादन गुणस्तरको मापदण्डः

**(१०) वस्तु तथा सेवा उत्पादनको गुणस्तर मापदण्डः** (१) काला बजारी,गुणस्तरहिन सेवा वा वस्तु तथा म्याद भित्र गुज्रिएका वस्तुको विक्री वितरण, अधिक मुल्यमा कारोबार तथा आफु खुशी मुल्य बृद्धि गर्ने कार्य दण्डनिय हुनेछ।

(२) गुणस्तर र मुल्य निर्धारणको लागि संघ र प्रदेश तहका प्रावधिक र संस्थागत जिम्मेवार निकायको निति तथा मापदण्डलाई स्रोतको रुपमा प्रयोग गरिने वा त्यसलाई अबलम्बन गरिने छ ।

(३) उधोग व्यवसाय सँग सम्बन्धित मुल्य निर्धारण, गुणस्तर परिक्षण, प्रयोजनको लागि गाँउकार्यपालिका मार्फत सहजीकरण गरिने छ ।

## परिच्छेद ११
## अनुगमन र मुल्याङकनः

**(११)अनुगमन र मुल्याङकन सम्बन्धी व्यवस्थाः** (१) व्यवसायको प्रकृति हेरी आवधिक अनुगमन र मुल्याङकन गर्ने, त्यसको प्रतिवेदन गाँउकार्यपालिकामा पेश गरी आवश्यकता बमोजिम नियमन तथा प्रोत्साहन गर्ने निति अबलम्बन गरिने छ ।

(२) उपनियम (१) बमोजिम अनुगमन तथा मुल्याङकन गर्दा विषय विज्ञ,उपभोक्ताका प्रतिनिधि, जनप्रतिनिधि सुरक्षा निकाय सहितका व्यक्तिहरुबाट गरिने छ ।

## परिच्छेद १२

## खारेजी तथा कारबाही  र बाधा अडकाउ फुकाउ सम्बन्धी व्यवस्थाः

**(१२) खारेजी तथा कारबाहीः** (१) तोकिएको मापदण्ड पुरा नगर्ने तथा कानुनी र वित्तिय अनुशासन उल्लघन गर्ने व्यवसायीलाई व्यवसायको प्रकृति हेरी २४ घण्टा देखि ६ महिना सम्ममा सुधार गर्ने समय सिमा दिईने छ ।

(२) उपनियम (१) बमोजिम दिईएको निर्देशन अनुसार तोकिएको समय भित्र आवश्यक सुधार नगर्ने उधोग व्यवसायको दर्ता खारेजी गर्ने सम्मका आवश्यक कारबाही गरिने छ ।

⊕ (३) यो कार्यविधिमा उल्लेख नभएको विषयमा कुनै नीतिगत, व्यवहारिक वा कार्यसम्पादन सम्बन्धी समस्या आईपरेमा गाँउकार्यपालिकाले बाधा अडकाउ फुकाई कार्य सम्पादन र सहजीकरण गर्न सक्ने छ ।

⊕ (४) व्यबसाय दर्ता सम्बन्धित वडा कार्यालयमा गरेतापनि व्यबसाय दर्ताको लगत कट्टा वा संसोधन गाउँ कार्यपालिकाको कार्यालयको निर्णय बमोजिम हुनेछ ।

⊕ (५) खारेजी तथा संसोधन प्रक्रिया देहाय बमोजिम हुनेछ ।

क) खारेजी वा संसोधनका लागि सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्ने ।

ख) खारेजी तथा संसोधनका लागि वडाले गाउँ कार्यपालिकाको कार्यालयमा सिफारिस गर्ने।

ग) गाउँपालिकाले खारेजी/संसोधन गर्दा कसैलाई मर्का पर्ने भए दाबी बिरोध पेश गर्न न्यूनतम ७ दिनको अवधि राखी सार्वजनिक सूचना जारी गर्ने ।

घ) दाबी बिरोध नपरेमा खारेजी वा संसोधन गर्न सकिने ।

ङ) संसोधन भएको हकमा प्रतिलिपि प्रमाणपत्र जारी गर्ने ।

*⊕ पहिलो संसोधनद्वारा थप गरिएको*

## अनुसुची १
## उधोग व्यवसाय दर्ता, नविकरण निवेदन फाराम ।

श्री अन्नपुर्ण गाँउपालिका
गाँउकार्यपालिकाको कार्यालय
पोखरेबगर म्याग्दी ।

विषयः

मैले /हामीले निम्न स्थानमा व्यवसाय दर्ता /नविकरण गर्न लागेकोले आवश्यक कागजात सहित दरखास्त गर्न आएको छु /छौ ।अन्नपुर्ण गाँउपालिकाको उधोग व्यवसाय दर्ता नविकरण सञ्चालन र नियमन कार्यविधिले तोकेको मापदण्ड सहितको दस्तुर बुझाउनुको साथै अन्नपुर्ण गाँउपालिकाबाट समय समयमा दिईने आदेश ,निर्देशन समेत पालना गर्न मञ्जुर छु / छौ । साथै मैले /हामीले पेश गरेको कागजात तथा विवरण ठिक साँचो हो । फरक परे कानुन बमोजिम कार्बाही भएमा मन्जुर छु /छौ ।

१ व्यवसायीको नाम थरः
(फर्म कम्पनीको हकमा मुख्य व्यक्तिको नाम)
२ स्थायी ठेगानाः जिल्ला
गाँउपालिका/नगरपालिका वडा नं
३ बाबुको नाम थरः
४ व्यवसाय रहने ठेगानाः वडा नं स्थान
वेभसाइटः
५ सम्पर्क फोन नः फ्याक्सः ईमेलः
६ भाडामा रहेको भए व्यवसाय रहने घर वा जग्गाको घरधनीको नाम, थरः
७ ठेगानाः
८ व्यवसायको विवरण /प्रकृतिः
९ पुजींगत लगानी रुः
१० फर्म/कम्पनीको नामः
११ अन्यत्र दर्ता भएको भए दर्ता नः कार्यालयः
१२ संलग्न गर्नु पर्ने कागजातहरुः
आफ्नै घर जग्गा भए जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपी १
भाडामा बस्ने भए भाडा रकम र भुक्तानी तरिका समेत खुलेको बहाल सम्झौतापत्र १
नागरिकता प्रमाणपत्रको प्रतिलिपी १
विदेशी नागरिकको हकमा नेपाल स्थितस्थित राजदुताबासबाट व्यवसायीको नाममा जारी कागजात १

करदाताको हलासालै खिचेको पासपोर्ट साईजको फोटो २ प्रति
फर्म कम्पनी भएमा दर्ता ईजाजत प्रमाणपत्र र आन्तिरक राजस्व कार्यालयमा अघिल्लो आ. व. सम्मको कर तिरेको करदाता प्रमाणपत्रको प्रतिलिपी ।

मितिः
निवेदकको दस्तखतः

<u>कार्यालय प्रयोजनका लागि मात्रः</u>

निवेदन दस्तुरः दर्ता शुल्कः व्यवसाय करः जरिवानाः जम्माः
व्यवसाय प्रमाण पत्र नं
मिति

पेश गर्नेः ठिक छ भनी प्रमाणित गर्नेः
स्विकृत गर्नेः

अनुसची २

अन्नपुर्ण गाँउपालिकाको उधोग /व्यवसाय दर्ता प्रमाण पत्र

अन्नपुर्ण गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

पोखरेबगर म्याग्दी ।

उधोग /व्यसाय दर्ता प्रमाण पत्रः

करदाता नं

दर्ता मितिः

प्रमाण पत्र नः

...........................जिल्लाः ...........................गाँउपालिका वडा नं बस्ने श्री ले अन्नपुर्ण गाँउपालिकाको उधोग व्यवसाय दर्ता,नविकरण ,सञ्चालन र नियमन कार्यविधिले तोकेको मापदण्ड सहितको दस्तुर बुझाउनुको साथै अन्नपुर्ण गाँउपालिकाबाट समय समयमा दिईने आदेश निर्देशन समेत पालन गर्न मन्जुर भएको व्यवसाय दर्ता गरी यो प्रमाण पत्र जारी गरिएको छ ।

व्यसायको नामः

व्यवसाय रहने स्थानः अन्नपुर्ण गाँउपालिका वडा नं

बाटोको नाम घर नं टोल

व्यवसाय रहने घर/जग्गाधनीको नामः

व्यवसायको प्रकृतिः अन्य विवरणः

पुजीगत लगानी रु

व्यवसायीको हस्ताक्षरः

स्वीकृत गर्नेको हस्ताक्षरः

१) प्रत्येक आर्थिक वर्षको लागि गाँउपालिकाले तोकेको बार्षिक कर सम्बन्धित कार्यालयमा बुझाई आ. व. को ३५ दिन भित्र प्रमाणपत्र नविकरण गर्नुपर्नेछ । गाँउपालिकाबाट व्यवसाय कर टोली खटाईएको अवस्थामा व्यसायीको कार्यस्थलमा नै व्यसाय प्रमाण पत्र नविकरण गर्न सकिनेछ ।

२) व्यसाय गरी आएको स्थान परिवर्तन गर्न परेमा गाँउपालिकालाई जानकारी दिनु पर्ने छ ।

३) व्यवसाय बन्द गर्नु परेमा व्यवसायीले गाँउपालिकाको सम्बन्धित कार्यालयबाट व्यवसाय बन्द भएको जनाउ पत्र अनिर्वाय रुपमा लिनुपर्ने छ । अन्यथा व्यवसाय चालु नै रहेको मानी साल बसाली रुपमा कर लाग्ने छ ।

४) यो प्रमाण पत्र व्यवसाय गरेको स्थानमा सबैले देखिने गरी राखिनु पर्दछ । अनुगममनको क्रममा आएको टोलीले हेर्न चाहेमा तुरुन्त देखाउनु पर्ने छ ।

५) कुनै पनि किसिमको व्यवसायिक गतिविधिमा बाल श्रमिकहरु प्रयोग गर्न पाइने छैन । यदि सो गरेको पाईएमा प्रचलित कानुन बमोजिम कारबाही गरी व्यवसाय दर्ता खारेजी समेत गर्न सकिने छ ।

६) व्यवसायबाट उत्पादन हुने फोहोर मैलाको उचित व्यवस्थापन गर्ने दायित्व व्यवसायीको हुने छ ।

७) व्यवसाय सञ्चालनको सिलसिलामा नागरिकबाट समय समयमा दिने निर्देशनको पालना गर्नु व्यवसायीको कर्तव्य हुने छ ।

८) उल्लेखित शर्तहरु पालना नगरेमा गाँउपालिकाले जुनसुकै बखतमा पनि यो प्रमाणपत्र रद्ध गरी व्यवसाय बन्द समेत गराउन सक्नेछ ।

९) यो प्रमाण पत्र दर्ता नविकरण , सञ्चालन र नियमन प्रयोजनको लागि जारी गरिएको हो । प्रचलित उधोग ऐन बमोजिम अनुमति लिएर मात्र सञ्चालन गर्नु पर्ने कुनै उधोग व्यवसायीले प्रचलित कानुन बमोजिम दर्ता गरिमात्र त्यस्तो कार्य सञ्चालन गर्नु पर्नेछ ।

नविकरण सम्बन्धि व्यवस्थाः

| सि न | नविकरण भएको मिति | अवधि | रकम र र न | जारी गर्नेको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

## अनुसुची ३ उधोग व्यवसाय दर्ता किताब

| दर्ता नं | नाम | ठेगाना | प्रोपाईटर | सम्पर्क नं | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |